# एकडारा गाँउपालिका

## Ekdara Rural Municipality

## गाँउ कार्यपालिकाको कार्यालय,एकडारा,महोत्तरी

## Office Of The Rural Municipal Executive,Ekdara,Mahottari

मधेश प्रदेश,नेपाल

**Madhesh Province, Nepal**

पत्र संख्याः २०८२/०८३ 
चलानी नं.

मितीः२०८२।१२।०१ 
प्राप्त पत्र सँख्या र मिती :

### हाटबजार ठेक्का बन्दोबस्त सम्बन्धी सिलबन्दी दर भाउपत्र आव्हानको १५ दिने सुचना

**प्रथम पटक प्रकाशित मिति २०८२/१२/०१ गते**

यस एकडारा गाउँपालिकाको स्वामित्वमा रहेको तपसिलको हाट बजारहरुको बट्टी रकमको निमित्त सिलबन्दी दरभाउपत्रद्वारा ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले तपसिल बमोजिमको शर्तहरुको अधिनमा रहि मिति २०८२/१२/१६ गते दिनको १२:०० बजे भित्र धरौटी वापत कबुल अंकको १०% (दस प्रतिशत) रकम एकडारा गाउँपालिका स्थित प्रभु बैंक लिमिटेड एकडारा शाखामा रहेको धरौटी खाता ग.३.१ एकडारा गाउँपालिका स्थानीय धरौटी खाता नं. १३९०१०३९९४७०००४१ मा जम्मा गरी सोको सक्कले बैंक भौचर सहित टिकट वापत रु १० को नोट संलग्न राखी सिलबन्दी दरभाउपत्र यस कार्यालयमा दर्ता गराउनुहुन् र सो सिलबन्दी दरभाउपत्रहरु सोही दिन अर्थात मिति २०८२/१२/१६ गते दिनको २:०० बजे खोलिने छ। दरभाउपत्र खोलिने बखत दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित रहनुपर्नेछ। तोकिएको समयमा उपस्थित नभए पनि दरभाउपत्र खोलिने कार्य रोकिने छैन् र पछि कसैको उजुरी नलागने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारीका लागी यो सुचना प्रकाशित गरिएको छ।

तपसिल

१. यो सुचना प्रथम पटक प्रकाशित मितिले १५ (पन्ध्र) दिन २०८२/१२/१५ गते भित्र रु १०००।- (एक हजार) नगद तिरी (पछि फिर्ता नहुने गरी) यस कार्यालयबाट दरभाउपत्र फारम खरिद गर्न सकिने छ। दरभाउपत्र फारम खरिद गर्दा नेपाली नागरिक्ता प्रमाण- पत्रको प्रतिलिपि वा सक्कलै अनिवार्य रुपले दिनु पर्ने छ।

२. ठेक्का अवधि ठेक्का करारनामा गरी चलन पुर्जी लिएको मितिले जम्मा वर्ष १ (एक) को हुनेछ।

२. तल उल्लेखित बजारको निम्न बमोजिमको न्युनतम मोलमा नघटाई दरभाउपत्र भर्नुपर्नेछ। गाउँपालिकाको प्रस्तावित अंकभन्दा घटी भएमा दरभाउपत्र अस्वीकृत हुनेछ।

| आय ठेक्का नं | बजारको नाम | बजाररहेको स्थान | १ वर्षको न्युनतम मोल | कैफियत |
|---|---|---|---|---|
| ए.गा.पा./बजार /०१ /०८२/०८३ | एकडारा बजार | एकडारा | १,००,०००/-(एक लाख मात्र ) | |

४. एकडारा गाउँ कार्यपालिकाको कार्यालयवाट प्रमाणित र छाप नलागेको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन् ।

५. दरभाउपत्र फारममा अंक र अक्षरमा केरमेट नगरी स्पष्टसंग लेख्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको लाई मान्यता दिईने छ।

६. गा.पा. को रकम कलम बाँकी रहेका व्यक्ति वा ठेकेदार तथा फर्मले गा.पा. को रकम कलम चुक्ता नगरेमा निजको नाउमा ठेक्का स्वीकृत गरिने छैन् ।

७. एकडारा गाउँपालिकाबाट प्राप्त निर्देशनलाई सम्बन्धित ठेकेदारले पुर्णरुपले पालन गर्नु पर्नेछ ।

८. नेपाल सरकारलाई तिर्नु पर्ने कर ठेकेदारले स्वयंले नै तिर्नु पर्नेछ।

९. तारिक मुकररका दिन अकस्मात विदा परेमा त्यसको भोलिपल्ट खोलिने छ।

१०. धरौटी वापत जम्मा गरेको रकम अन्तिम किस्तामा मिलान हुनेछ।

११. बहि रकम यस कार्यालयबाट तोकिएको दर रेटमा लिनुपर्ने छ। साथै सो को रसिद दिनु पर्ने छ।

2082/12/01

पत्र संख्याः२०८२/०८३ मिती:२०८२।१२।०१
चलानी नं. प्राप्त पत्र सँख्या र मिती :

१२. बजार क्षेत्र भित्र विक्री गर्ने माछा, मासु, अण्डा, आदिबाट, निस्केको आन्वा भुडि, रौं आदि फोहर बस्तुहरु ठेकेदारले बाहिर फ्याक्नु पर्ने छ र सो काम नगरे सो बाट कुनै किसिमको माहामारी अथवा रोग लागेमा ठेकेदार स्वंय जिम्मेवार हुनेछ।

१३. गाउँपालिकाले कुनै पनी अवस्थामा ठेक्का रकम मिन्हा गर्ने छैन।

१४. किस्ताको हकमा छौमासिक किस्ता हुनेछ। ठेक्का वापत पहिलो किस्ता कुल ठेक्का रकमको ५० प्रतिशत रकम बुझाईएमा मात्र चलन पुर्जी दिइने छ, अर्को ५० प्रतिशत रकम पुष महिना भित्र बुझाउनु पर्नेछ। नबुझाएको खण्डमा ठेक्का बदरगरी अर्को व्यवस्था भइजानेछ।

१५. ठेक्का सदर भएको ७ (सात) दिन भित्र अर्धवार्षिक किस्ता बुझाई सकेपछी चलानपुर्जी दिईनेछ। सो म्याद भित्र चलनपुर्जी पट्टा नउठाएमा स्वतः ठेक्का बदर हुनेछ र सो बापत राखेको धरौटी जफत हुनेछ।

१६. म्याद नाघी र रित नपुगी प्राप्त भएको दरभाउपत्र उपर कुनै कार्वाही गरिने छैन।

१७. ठेक्का सदर गर्ने वा नगर्ने सम्पुर्ण अधिकार नगर कार्यपालिकाको कार्यालयमा सुरक्षित रहने छ।

१८. यस सुचनामा उल्लेखित नभएका शर्तहरुको हकमा प्रचलित आर्थिक ऐन नियम बमोजिम हुनेछ।

१९. यस सम्बन्धी अन्य कुरा जानकारी लिनुपर्ने भएमा यस गाउँ कार्यपालिकाको कार्यालय, एकडारा, महोत्तरीमा कार्यालय समय भित्र सम्पर्क राख्नु पर्ने छ।

रामजी जोशी
प्रमुख प्रशासकीय अधिकृत

रामजी जोशी
प्रमुख प्रशासकीय अधिकृत
२०८२।१२।०१